कम्पनीले आफ्नो जारी पूँजी रु.१,३०,८१,३७,१००।- (एक अर्ब तिस करोड एकासी लाख सैतिस हजार एक सय) को ४०% अर्थात् ५२,३२,५४८ (बाउन्न लाख बत्तिस हजार पाँच सय अठ्चालीस) कित्ताले अंकित रकम रु.१००/- का दरले रु.५२,३२,५४,८०० /- (बाउन्न करोड बत्तिस लाख चवन्न हजार आठ सय) रकम बराबरको साधारण शेयर सर्वसाधारणको लागि निष्काशन गर्नेछ। जसमध्ये यस विवरण मार्फत जारी पूँजीको २% अर्थात रु.२,६१,६२,७००/- (दुई करोड एकसट्ठी लाख बासट्ठी हजार सात सय) रकम बराबरको रु.१०० अंकित दरका २,६१,६२७ कित्ता साधारण शेयर उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुको निमित्त तपशिल बमोजिम निष्काशन गरी बिक्री वितरण गरिने छ। सार्वजनिक निष्काशन गरिने शेयरको १० प्रतिशत अर्थात रु.४,९७,०९,२००/- (चार करोड सन्तानब्बे लाख नौ हजार दुई सय) रकम बराबरको रु.१००/- अंकित दरका ४,९७,०९२ कित्ता शेयरहरु नेपाल सरकारको सम्बाधित निकायबाट श्रम स्वीकृत प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुका लागि निष्काशन गरी बिक्री वितरण गरिने छ। साथै, उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुलाई तथा नेपाल सरकारको सम्बधित निकायबाट श्रम स्वीकृत प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुका लागि छुट्याईएका शेयर बाँडफाँड गरे पश्चात सर्वसाधारणलाई जारी पूँजीको २८% अर्थात रु.४९,७०,९२,१००/- (उनान्पचास करोड सत्तरी लाख बयानब्बे हजार एक सय) रकम बराबरको रु.१००/- अंकित दरका ४९,७०,९२१ कित्ता शेयर मध्ये १,४९,१२७ कित्ता (सर्वसाधारणको लागि छुट्याएको शेयरको ३ प्रतिशत) कर्मचारीहरुलाई र २,४८,५४६ कित्ता (सर्वसाधारणको लागि छुट्याएको शेयरको ५ प्रतिशत) सामूहिक लगानी कोषको लागि सुरक्षित गरी बाँकी ४०,७६,१५६ कित्ता साधारण शेयरहरुको सार्वजनिक निष्काशन गरिनेछ।

उद्योग प्रभावित क्षेत्र	छुट्टाइएको शेयर संख्या	पुँजी रकम (रु)
प्रभावित क्षेत्र : चितवन जिल्ला रत्ननगर नगरपालिका सम्पूर्ण वडाहरु	२,६१,६२७	२,६१,६२,७००/-
जम्मा	२,६१,६२७	२,६१,६२,७००/-

उद्योग प्रभावित क्षेत्रका वासिन्दाहरुका लागि	
दरखास्त दिनुपर्ने न्युनतम कित्ता :	१० कित्ता
दरखास्त दिन पाउने अधिकतम कित्ता :	५०,००० कित्ता

बैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि	
दरखास्त दिनुपर्ने न्युनतम कित्ता :	१० कित्ता
दरखास्त दिन पाउने अधिकतम कित्ता :	५०,००० कित्ता

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित तथा उद्योग विभागबाट इजाजत पत्र प्राप्त

एसवाई प्यानल नेपाल लिमिटेड
SY Panel Nepal Limited

रजिष्टर्ड कार्यालय : काठमाण्डौं महानगरपालीका, वडा नं. ३२, तिनकुने, काठमाण्डौ, उद्योग कार्यालय :रत्ननगर नगरपालिका, वडा नं. १४, चितवन,
फोन न.: ०१-४१११७०४, इमेल : synepal34@gmail.com , वेभसाइट : www.synepal.com

को

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

आव्हान-पत्र

यो विवरण-पत्र नभई केवल आव्हान-पत्र मात्र हो ।

कम्पनीको नेटवर्थ सम्बन्धी विवरण

विवरण	वास्तविक			अपरिष्कृत	प्रक्षेपित		
	२०७८/७५	२०७५/८०	२०८०/८१	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५
प्रति शेयर आम्दानी रु.	३.०७	४.८७	५.३५	८.८१	९.२१	१०.४३	१३.५४
प्रति शेयर नेटवर्थ रु.	९६.६३	१०१.२८	१०६.६१	११५.४२	११७.४६	१२७.८०	१४१.२४
संचित नाफा नोक्सान	(२२,४०६,९५२)	१०,०१०,७७१	५१,८८८,९८९	१२१,०३३,४१७	२२८,३४४,५६५	३६३,६७३,१६३	५३९,४३८,६२३

यस विवरणपत्र मार्फत निष्काशन भएका शेयररहरु मध्ये आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि बिक्री वितरण गरेको शेयर सर्वसाधारणका लागि निष्काशन गरिएको शेयर बाँडफाँट भएको मितिले तीन वर्ष पूरा नभए सम्म अरु कसैलाई कई बिक्री वा हस्तान्तरण गर्न पाइने छैन।

उद्योग प्रभावित क्षेत्रका वासिन्दाहरुका लागि	
निष्काशन खुल्ला मिति :	२०८२/०५/२५
निष्काशन बन्द हुने मिति (छिटोमा) :	२०८२/०६/१२ (बैकिङ्ग समय पश्चात्)
निष्काशन बन्द हुने मिति (ढिलोमा) :	२०८२/०६/२७ (बैकिङ्ग समय पश्चात)

बैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि	
निष्काशन खुल्ला मिति :	: २०८२/०५/२५
निष्काशन बन्द हुने मिति :	२०८२/०६/०१ (बैकिङ्ग समय पश्चात्)
निष्काशन बन्द हुने मिति (ढिलोमा) :	२०८२/०६/१२ (बैकिङ्ग समय पश्चात)

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु. १००/- प्रति शेयरको दरले

क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (सातौं संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्युअर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लिमिटेड डिल्लीबजार ,काठमाडौंबाट इस्यूअर रेटिङ्ग गराई [ICRANP-IR] BB (Pronounced ICRA NP Issuer Rating double B) रेटिङ्ग प्राप्त गरेको छ। [ICRANP-IR] BB ले "Considered to have Moderate Risk of Default in the Timely Servicing of Financial Obligations" रहेको जनाउँदछ। जसले कम्पनीको समयमै वित्तीय दायित्व पूरा गर्न मध्यम सुनिश्चितता रहेको जनाउंछ। ईक्रा नेपाल लिमिटेडल] [ICRANP-IR] AAA देखि [ICRANP-IR] D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड ICRANP-IR]AAA ले बलियो आधार जनाउँछ, [ICRANP - IR] D ले कमजोर आधार जनाउँदछ भने रेटिङ्ग संकेत पछाडी रहने (जोड) वा (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितिलाई जनाउँदछ।

रेटिङ्ग ग्रेड प्रदान गरेको मिति २०८१/०६/०४ **रेटिङ्ग ग्रेड बहाल रहने अवधि २०८२/०६/०३**

नेपाल धितोपत्र बोर्डबाट विवरण पत्रमा स्वीकृति प्राप्त मितिः २०८२/०५/१७, कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मितिः २०८२/०५/१९ गते

१. संस्थाको नामः एसवाई प्यानल नेपाल लिमिटेड (SY Panel Nepal Limited)

२. कुन ऐन अन्तर्गत स्थापित भएको सो कुराः कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

३. संस्थाको रजिष्ट्रर्ड ठेगानाः यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला का.म.न.पा.वुडा नं. ३२, तिनकुने काठमाडौंमा रहेको छ। यस कम्पनीको उद्योग कार्यालय रत्ननगर नगरपालिका, वडा नं. १४, चितवनमा रहेको छ।

४. कारोवार गर्ने मुख्य स्थानः यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला का.म.न.पा.वडा नं. ३२, तिनकुने काठमाडौंमा रहेको छ। यस कम्पनीको उद्योग कार्यालय रत्ननगर नगरपालिका, वडा नं. १४, चितवनमा रहेको छ। हाल देशभर एसवाई प्यानलका करिब ५० भन्दा बढि सक्रिय डिलरहरु मार्फत कम्पनीले उत्पादन गरेको वस्तु बिक्री वितरण भई रहेको छ।

५. विदेशी लगानी स्वीकृती सम्बन्धमा :

विदेशी लगानी स्वीकृती दिने निकायको नाम, स्वीकृति प्रदान गरिएको मिति तथा संक्षिप्त विवरण निम्न अनुसार रहेको छ :
उद्योगको प्रकृति र लागत अनुसारको परियोजना प्रतिवेदन बनाई त्यसको लागत बमोजिम शेयर खरिद सम्झौता गरी सो अनुसार वैदेशिक लगानी निम्न मितिमा उद्योग विभागबाट स्वीकृति लिई उक्त स्वीकृती बमोजिम परिवर्तित विदेशी मुद्रामा लगानी भित्राउन निम्नानुसार नेपाल राष्ट्र बैंकबाट स्वीकृत एवम् लेखाङ्कन भएको छ।

उद्योग विभागबाट स्वीकृति मिति	विदेशी शेयरधनीहरु			
	एसवाई को. लि.(साविकको एसवाई प्यानल को. लि.)	बाड योड जाई	लि वा चुन	होड योड दोन	जम्मा रकम
२०७४।०३।१९	१२०,०००,०००/-	६०,०००,०००/-	६०,०००,०००/-	—	२४०,०००,०००/-
२०७४।०७।१७	१२०,०००,०००/-	-	-	-	१२०,०००,०००/-
२०७४।१०।०९	६०,०००,०००/-	३०,०००,०००/-	३०,०००,०००/-	-	१२०,०००,०००/-
२०७५।०२।२१	८०,०००,०००/-	-	-	१६०,०००,०००/-	२४०,०००,०००/-
२०७७।०३।०३	-	-	-	६०,१९९,३००/-	६०,१९१,३००/-
२०७९।०२।०५ (स्वीकृत भध्येबाट जफत गरिएको)	(४,५७२,७००/-)	(३०,०९५,७००/-)	(३०,०९५,६००/-)	(५३,५४५,०००/-)	(११८,३०९,०००/-)
२०७९।१२।१०	१२०,०००,०००/-	-	-	-	१२०,०००,०००/-
खुद स्वीकृत रकम	४९५,४२७,३००/-	५९,९०४,३००/-	५९,९०४,४००/-	१६६,६६४,३००/-	७८१,८८२,३००/-

६. संगठित संस्थाको स्थापनाकाल देखि हाल सम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु :

२०७२ सालको कहालीलाग्दो विनाशकारी भूकम्पपछि नेपालमा भएको लाखौं भौतिक संरचना ध्वस्त भई तत्काल भूकम्प प्रतिरोधात्मक संरचना बनाउनु पर्ने र भूकम्प पीडितहरुको यस एसवाई प्यानलको प्रविधि प्रभावकारी हुने निष्कर्ष निकाली वि.स. २०७४ साल असार २० गते कम्पनी दर्ता भई केन्द्रिय कार्यालय काठमाडौं र फ्याक्ट्री चितवनमा स्थापना गरेर काम सुरु भएको हो। मार्केटिङ टिम र सामाजिक सञ्जालबाट नेपाली बजारमा प्यानलको मार्केटिङ गरि यस कम्पनीका कर्मचारीहरुको अथा मिहिनेतले ७ वर्षको अवधिमा नेपालका प्यानलको मागले फड्को मारेको छ। हाल देशभर एसवाई प्यानलका करिब ५० भन्दा बढि सक्रिय डिलरहरु छन्। उनिहरुको माध्यमबाट विभिन्न संघ संस्था तथा व्यक्तिहरुको लागि संरचना बनाउने काम भइरहेको छ।

कम्पनीको स्थापनाकाल देखि हाल सम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :

(१) श्री एसवाई प्यानल नेपाल लिमिटेडको कम्पनी रजिष्ट्रार कार्यालयमा मिति २०७४ असार २० मा संस्थापक एसवाई को. लिमिटेड (तत्कालिन एसवाई प्यानल को लिमिटेड) दक्षिण कोरिया, दक्षिण कोरियन नागरिक बाड योन जाई र दक्षिण कोरियन नागरिक लि वा चुनको अगुवाईमा दर्ता भई कारोबार संचालन गर्दै आएको कम्पनी हो।

(२) स्याङ्डविज इण्डस्ट्रियल प्यानल र यूपीभिसि इयाल तथा ढोका उत्पादन गर्ने उद्देश्यले क्रमश मिति २०७४।०४।१२ र २०७४।०७।२० दुई फरक ईकाइको रुपमा उद्योग दर्ता भई हाल उत्पादन गर्दै आइरहेको।

(३) संगठित संस्थाले नेपाली नागरिकहरु संस्थापक शेयरधनीमा भित्राई मिति २०७९ साल असार ८ गते प्रा. लि. बाट पब्लिक कम्पनीको रुपमा दर्ता भई कम्पनी ७ जना संस्थापक शेयरधनी रही हाल सार्वजनिक शेयर निष्काशन गर्ने क्रममा रहेको।

(४) संगठित संस्थाले आफ्नो लगानी विविधिकरण रणनीति अनुरुप थप अन्य क्षेत्रमा लगानी भएको जस अनुरुप पौष मसान्त २०८० सम्ममा एस.वाई. बजार प्रा. लि. र एस. वाई. यु. पि. भि. सि प्रोफाइल प्रा. लि. मा लगानी रहेको।

(५) यस कम्पनीले निम्न अनुसारको वस्तु उत्पादन गरी बजारमा बिक्री वितरण गरिरहेको छ ।

क. ईपीएस स्याण्डविच प्यानल (EPS Sandwich Panel)

यस कम्पनीले उत्पादन मध्ये पहिलो प्यानल ईपीएस स्याण्डविच प्यानल हो। रुफटर्प ४० एमएमदेखि १५० एमएमसम्म, वाल र पार्टेसनका लागि ५० देखि १५० एमएमसम्मको आकारको प्यानल बन्छ। प्यानलको वाल र रुफको चौडाइ १ मिटरको हुन्छ भने लम्बाइ इच्छा अनुसारको बनाउन सकिन्छ। ईपीएस प्यानल पनि दुई प्रकारको छ। एउटा आगोसँग प्रतिरोध गर्ने र अर्को नगर्ने हुन्छ जसको मूल्य पनि फरक पर्छ। विभिन्न कलर र डिजाइनमा ईपीएस प्यानल अन्तर्गत नै रुफिङ सिट र वाल प्यानल सिट पनि उत्पादन हुन्छ। यो प्यानल वातवरण मैत्री, हावा प्रदूषण नहुने, रिसाइकल गरी पुन: प्रयोगसमेत गर्न मिल्ने हुन्छ। प्यानलमा इन्सुलेसन सहितको तीन तहको सिस्टम हुन्छ, तल र माथि मेटल सिट र बीचमा इन्सुलेसको तहले हुन्छ। इन्सुलेसनले बाहिरको तातो र चिसोलाई भित्र पस्न रोक्छ। त्यसैले यो प्यानल उपभोक्ताले बढी रुचाएका छन्। कम तौल भएकोले सानो पिल्लरले धान्न सक्छ। यो प्यानल हलुका भएकाले एक ठाउँबाट अर्को ठाउँमा लैजान सहज हुने भएकोले हिमाल, पहाड, तराई जहाँ गाडीको सुविधा छैन भने बोकेर पनि लैजान सकिने प्यानल हो।

ख. पफ प्यानल (PUF Panel)

पफ प्यानलमा पोलियुरथिन सयान थर्मल इन्सुलेसनको रुपमा प्रयोग गरी उत्पादन हुने भएकोले यो प्यानल ईपीएस स्याण्डविच प्यानल ईपीएसभन्दा दोब्बर तौलको हुन्छ, फलत्व बढी हुन्छ। पफ प्यानल अरुभन्दा इन्सुलेन राम्रो दिने भएकाले कोल्डस्टोर र खाद्य स्टोरमा प्रयोग धेरै हुने गरेको छ। उचित तापक्रम पनि कायम गर्न भएकाले घरहरु पनि बनाउन राम्रो हुन्छ। अरु विशेषता भनेको ईपीएस प्यानलको जस्तै हो।

ग.युपिभिसी इयाल

हाल यस कम्पनीले युपिभिसी इयालहरुको प्रोफाईल कोरियाबाट आयात गरी ग्राहकहरुको आवश्यकता तथा ईच्छा अनुसार बनाई प्यानल संरचनाहरुमा जडान गर्ने गरिन्छ। काठको बढदो मूल्यको कारणले युपिभिसी इयालको माग निकै नाम्लो अत्यधिक बढेको छ। विभिन्न कम्पनीहरुले युपिभिसी प्रोफाईल विदेशी मुलुकबाट आयात गर्ने गरेकोमा यस कम्पनीले पनि यस प्रोफाईल प्रा.लि. नामको सहायक कम्पनीको स्थापना गरी युपिभिसी प्रोफाईल नेपालमा नै उत्पादन गर्ने लक्ष्यका साथ कार्य अगाडी बढाईएको र यस कम्पनीको प्राथमिक शेयर निष्काशनबाट प्राप्त हुने रकम उक्त कम्पनीमा लगानी गर्न लागेको हो। जसले गर्दा नेपालीले रोजगार पाउने र गुणस्तरीय युपिभिसी पनि कम मूल्यमा पाइन्छ। नेपालमा उत्पादन गरेपछि युपिभिसी भारत र बंगलालेशमा पनि निर्यात गर्ने लक्ष्य रहेको छ।

घ. ढोका

हाल यस कम्पनीले दुई किसिमको ढोका उत्पादन गर्दछ। प्यानल ढोका र स्टिलको ढोका। प्यालन ढोका ईपीएसबाट नै बनाइएको हुन्छ। यो स्टिलभन्दा सस्तो र तौल पनि कम हुन्छ। स्टिलको ढोका भने मुल ढोकामा प्रयोग गरिन्छ। काठको भन्दा धेरै बलियो पनि हुन्छ। आगोले पनि भेट्न सक्दैन। कोल्ड रुमको ढोका पफ प्यानलको उत्पादन भएपछि बनाउन थालिएको हो। कोल्ड रुममा हावा निकास गर्न सकिने हुन्छ।

कम्पनीको ब्रबन्धपत्रको दफा ४ मा उल्लेख भए अनुसार कम्पनीको मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :

(क) विभिन्न किसिमका स्याण्डविच प्यानल (जस्तै : ई.पि.एस, प्यानल, नन बर्न (एफआर ३ प्यानर, पोलीयूरिथेन प्यानल, पफ प्यानल, ग्लास उल पयानल) तथा रंगीन जस्ता पाताको उत्पादन गर्ने, (To manufacture and run the production of different types of Sandwich Panel -like Expandable Polystyrene -EPS) Panel, Non Burn-FR3 panel, Polyurethane Panel, Puff Panel, Glass Wool Panel) and Corrugated Colour Sheet .)

(ख) UPVC Windows बलम म्यचक्क उत्पादन गर्ने ।

दफा ५ मा उल्लेख भएका कम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कामहरु

(क) कम्पनीलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक उपकरण खरिद/बिक्रि गर्ने वा भाडामा लिइ प्रयोग गर्ने,
(ख) कम्पनीलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाका शर्तहरु निधारण गर्ने,
(ग) कम्पनीको नाममा बैंक तथा वित्तिय संस्थामा खाता खोल्ने र सञ्चालन गर्ने,
(घ) कम्पनीलाई आवश्यक पर्ने रकम बैंक वा कुनै वित्तिय संस्थाबाट कम्पनीले धितो राखी वा नराखी कर्जा लिने,
(ङ) कम्पनीको नामबाट शेयर तथा डिबेन्चर खरिद गर्ने तथा त्यसलाई बिक्री गर्ने ।
(च) अन्य आवश्यक काम कुराहरु :
१. कम्पनीको कार्यको लागि आवश्यक पर्ने मेशिनरी उपकरण तथा आवश्यक औजार सामग्रीहरु एवं जग्गा तथा जनशक्तिको उचित व्यवस्था गर्नेछ।
२. कम्पनीको नामबाट विभिन्न प्रकाका बिलहरु ज्स्तै लेटर अफ क्रेडिट, ड्राफ्ट, ग्यारेन्टी स्वीकृत गर्न, जारी गर्न तथा दरपीठ गर्न सकेछ।
३. चुस्त प्रशासनिक व्यवस्थापन गर्न, अनुशान कायम गर्न, आर्थिक सुशासन कायम गर्न, विभिन्न प्रकाका कोषहरु व्यवस्था गरी संचालन गर्न विनियमहरु बनाउने र लागु गर्न सकेछ।
४. कम्पनीले आवश्यकता अनुसार संचार माध्यममा विज्ञापन गराउन सकेछ।
५. कम्पनीले कोटेशन, टेण्डर, बिड, अमानत वा कुनै प्रकाको करार, सम्झौता, शर्त कबुल गर्न गराउन सकेछ। संकलित, उत्पादन, खरिद सेवा, वस्तुहरु, सामानहरु सर्वसुलभ तरिकाबाट सेवा प्रदान गर्ने, बिक्रि वितरण गर्न एजेन्ट, डिष्ट्रिब्यूटर डिलर नियुक्त गर्न सकेछ।
६. कम्पनीले व्यक्ति, संघ, संस्था, कम्पनी, सरकार (विभिन्न निकाय) संग/बाट प्रविधि वा प्राविधिकहरुको सेवा उपलब्ध गर्न र गराउन सकेछ।
७. कम्पनीलाई आकस्मिक क्षतिबाट बचाउन कम्पनीको मेशिनरी,भवन लगायत सबै प्रकाको सम्पत्तिहरुको बिमा गराउन सकेछ। कम्पनीले आवश्यक ठानेमा संचालक समिति वा साधारण सभाले निर्णय वा प्रस्ताव गरी कर्मचारी र संचालनहरु समेतको जीवन बिमा गराउन सकेछ।
८. स्वीकृती लिनुपर्नेमा सम्बन्धित निकायबाट स्वकृत लिई यस कम्पनीमा अन्य प्रविधि हस्तान्तरण वा खरिद विदेश विदेशी लगानी तथा संयुक्त लगानी गर्न सकेछ।
९. कम्पनीको मौज्दातमा रहेको कम्पनीलाई हुकन आवश्यक नपर्ने कम्पनीको रकमहरु लगानी गर्ने, बैंकमा जम्मा गर्ने सो असुल उपर गर्न सकेछ।
१०. कम्पनीको व्यापारिक हित र संरक्षणको लागि डिजाइन, ट्रेडमेक दर्ता गराउने र प्रचलित राष्ट्रिय र अन्तराष्ट्रिय कानुनबाट प्राप्त हक अधिकार , सेवा सुविधा उपलब्ध गर्ने र उपयोग गर्नेछ।
११. कम्पनीको उद्देश्य पुरा गर्न सहायक हुने अन्य कार्यहरु गर्ने, गराउने ।

७. सीमित दायित्व सम्बन्धी विवरण :

यस कम्पनी प्रचलित कम्पनी कानुन अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो। यसमा शेयरधनीहरुको दायित्व सीमित छ। यस कम्पनीको शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबोल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

८. सकारात्मक पक्षहरु:

१) दक्षिण कोरियाको प्रतिष्ठित सूचीकृत कम्पनी एसवाई को., लि.को संस्थापक हुनका साथै अन्य संस्थापकहरु पनि दक्षिण कोरियाको सफल व्यवसायीहर रहेको,
२) कम्पनी तथा व्यवस्थापनमा दक्ष एवं अनुभवी जनशक्ति रहेकोले कम्पनी अन्तर्गत रहेका सबै कार्ययोजनाहरु सफल हुने अपेक्षा गरिएको,
३) कम्पनीमा रहेका विभिन्न पदका व्यक्तिहरुलाई बहुआयामीक तालिम तथा प्रशिक्षण प्रदान गरी व्यवसाय वृद्धि गर्न कम्पनी तत्पर रहेको छ ।

९. धितोपत्र जारी गर्नको उद्देश्य :

एसवाई प्यानल नेपाल लिमिटेडले सर्वसाधारमा शेयर निष्काशन गर्ने मुख्य उद्देश्य निम्न अनुसार रहेको छ ।
१. व्यवसाय विस्तार : यस पूँजीले कम्पनीले आफ्नो मुख्य कम्पनीसंगको सहकार्यमा नयाँ युपिभिसि उद्योगको स्थापना गरी युपिभिसि प्रोफाइल उत्पादन गर्न सहयोग गर्नेछ, जसले ठूलो आयातमुखी बजारलाई स्वदेशी विकल्प प्रदान गर्नेछ।
२. सर्वसाधारण शेयरधनीको प्रतिनिधित्व : सर्वसाधारणको लागि शेयर जारी गरी संगठित संस्थामा उनीहरुको प्रतिनिधित्व सुनिश्चित गर्ने उद्देश्य राखिएको छ, जसले समावेशिता र साझेदारीलाई प्रवर्द्धन गर्नेछ।
३. वृद्धि दर प्रवर्द्धन : बलियो पूँजी आधारका साथ, कम्पनीले आफ्नो वृद्धि दरलाई तीव्र बनाउन चाहन्छ, उच्च गुणस्तरका प्यानल बजारमा अलब्ध गराउँदै नेपालको प्यानल उद्योगमा योगदान गर्ने लक्ष्य राखेको छ। यस रणनीतिक कदमले कम्पनीको वित्तिय आधार बलियो बनाउनुका साथै पारदर्शिता र समावेशिताको साथ दीर्घकालीन वृद्धिको दृष्टिकोणलाई समर्थन गर्नेछ।

१०. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

क) निष्काशनबाट प्राप्त हुने कुल रकमलाई कुसरी र कुन क्षेत्रमा प्रयोग गरिनेछ तत् सम्बन्धी विवरण ।

निष्काशित रकम तपसील बमोजिमको कार्यमा प्रयोग गरिनेछ।

सि.नं.	विवरण	रकम (रु)
१	एस. वाई. यु.पि.भि.सि. प्रोफाइल प्रा.लि. मा शेयर लगानी	३९०,०००,००० /-
२	एसवाई प्यानल नेपाल लिमिटेडको चालु पूँजी व्यवस्थापन	१३३,२५४,८०० /-
	जम्मा	रु. ५२३,२५४,८०० /-

कम्पनीले सार्वजनिक निष्काशनबाट प्राप्त भएको रकम मध्येको केही रकम चालु पूँजी व्यवस्थापनको लागि उपयोग गर्ने भएकोले उक्त चालु पूँजी व्यवस्थापनमा प्रयोग हुने रकमको सम्बन्धमा अघिल्लो आर्थिक वर्ष २०८१/८२ को तुलनामा कम्पनीको व्यापार विस्तारका लागि यस आर्थिक वर्ष २०८२/८३ का लागि प्रक्षेपित चालु पूँजी रु.१३३,२५४,८००/- रकम आवश्यकता रहनेछ। उक्त रकम व्यापार प्राप्तिको व्यवस्थापनको र स्टक मौज्दात व्यवस्थापनको लागी प्रयोग हुनेछ। कम्पनी सञ्चालकको लागी समय समयमा व्यापारको आकार अनुसार चालु पूँजी व्यवस्थापन गरेको रकम आवश्यका पर्ने हुन्छ ।

११. पूँजी संरचना सम्बन्धी जानकारी:

(क) अधिकृत, जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात् सो मा परिवर्तन भएको भए तत्सम्बन्धी विवरण : :

- **अधिकृत पूँजी** : यस कम्पनीको हाल अधिकृत पूँजी रु.१,३०,८१,३७,१००/- (एक अर्ब तिस करोड एकासी लाख सैतिस हजार एक सय) रहेको छ। उक्त पूँजीलाई रु.१००/- का दरले १,३०,८१,३७१ (एक करोड तिस लाख एकासी हजार तीन सय एकहत्तर) थान साधारण शेयरमा विभाजन गरिएको छ ।
- **जारी पूँजी** : यस कम्पनीको तत्काल जारी पूँजी रु.१,३०,८१,३७,१००/- (एक अर्ब तिस करोड एकासी लाख सैतिस हजार एक सय) रहेको छ। उक्त पूँजीलाई रु.१००/-का दरले १,३०,८१,३७१ (एक करोड तिस लाख एकासी हजार तीन सय एकहत्र) थान शेयरमा विभाजन गरिएको छ ।
- **चुक्ता पूँजी** : यस कम्पनीको संस्थापकहरुबाट तत्काल चुक्ता पूँजी रु.७८,४८,८२,३००/- (अठहत्तर करोड अठचालिस लाख बयासी हजार तिन सय) रहेको छ जसलाई रु.१००/- का दरले ७८,४८,८२३ (अठहत्तर लाख अठचालिस हजार आठ सय तेइस) थान शेयरमा विभाजन गरिएको छ ।

१२. निष्काशन पछिको चुक्ता पूँजी (समूहक्त गरिएका अवस्थामा सोही अनुरुप) :

कम्पनीको प्रबन्धपत्रको दफा ६ मा उल्लेख गरिएको शेयर पूँजीमध्ये संस्थापक शेयरधनी तथा तपसील बमोजिम अन्य समूहहरुमा धितोपत्र निष्काशन भई बाँडफाँट भए पश्चात् कम्पनीको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहनेछ :

समूह	शेयरधनीहरु	साधारण शेयर संख्या	पूँजी संरचना	चुक्ता रकम	भुक्तानी प्रतिशत
क	संस्थापक शेयरधनीहरु	७८,४८,८२३	६०	७८,४८,८२,३००/-	शत प्रतिशत भुक्तानी भएको
ख	सर्वसाधारण समूह	५२,३२,५४८	४०	५२,३२,५४,८००	निष्काशन पश्चात शत प्रतिशत भुक्तानी हुने
	जम्मा	१,३०,८१,३७१	१००	१,३०,८१,३७,१०० /-	

१३. संस्थापक/संचालक सम्बन्धी जानकारी :

(क) आधारभूत शेयरधनीहरु तथा सञ्चालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव र प्रस्तावित ब्यापार/व्यवसायमा अनुभव :

आधारभूत शेयरधनीको विवरण

क्र.सं.	नाम र ठेगाना	पद	उमेर	राष्ट्रियता	शेयर स्वामित्व	शैक्षिक योग्यता	कार्य अनुभव	प्रस्तावित व्यापार/ व्यवसायको अनुभव
१	श्री एसवाई को. लिमिटेड	संस्थापक शेयरधनी	-	दक्षिण कोरियनमा दर्ता भएको कम्पनी	४,९५४,२७३	लागु नहुने	सन् २००० साल देखि दक्षिण कोरियामा दर्ता स्यान्डविच प्यानलका साथै अन्य थुप्रै उद्योग संचालनको अनूभव रहेको ।	—
२	श्री लि वा चुन	संस्थापक शेयरधनी	५८	दक्षिण कोरीयन	५,९९,०४४	स्नातक (सार्वजनिक प्रशासन)	ससाज्ञयोज्ञ इन्डष्ट्रीको भूतपूर्व प्रमुख कार्यकारी अध्यक्ष रही छ वर्षको कार्य अनुभव, हाल एसवाई प्यानल नेपालको संचालक।	—
३	श्री बाड योड जाई	संस्थापक शेयरधनी	७०	दक्षिण कोरीयन	५,९९,०४३	स्नातक (सार्वजनिक प्रशासन)	फुब्रसान मेटल इन्डष्ट्रीको पूर्व लेखा रही दस वर्षको कार्य अनुभव, सिमु इन्डष्ट्री को. को भूतपूर्व प्रमुख कार्यकारी अध्यक्ष रही आठ वर्षको कार्य अनुभव, हुन्डाई केमिस्ट्री इन्डष्ट्रीको भूतपूर्व प्रमुख कार्यकारी अध्यक्ष रही दस वर्षको कार्य अनुभव, हाल एसवाई प्यानल नेपालको संचालक।	—
४	श्री होड योड दोन	संस्थापक शेयरधनी	६१	दक्षिण कोरीयन	१६,६६,४६३	एम.ए (अर्थशास्त्र)	एसवाई को. लि.(साविक ससाङयोज्ञ इण्डस्ट्रियल को. लि),कोरिया, एसवाई प्यानल को. लि., कोरियाको प्रतिनिधि निर्देशक, एसवाई टेकको लि., कोरियाको प्रतिनिधि निर्देशक भई कार्य गरेको ३ वर्षको अनुभव, एसवाई इन्डस्ट्री को. लि.को प्रतिनिधि निर्देशक भई कार्य गरेको ३ वर्षको अनुभव, एसवाई को. लि. (साविक एसवाई प्यानल को. लि.) मुख्य कम्पनीको संस्थापक जस अन्तर्गत कोरियामा स्थापना भएको सहायक कम्पनी एसवाई कोरनिक्र को. लि., एसवाई स्टील टेक को. लि., एसवाई इन्जीनियरीक्र को. लि., एसवाई बिल्ड को. लि.,एसवाई केमीकल को. लि.को संस्थापक; विभिन्न देशमा स्थापना भएको सहायक कम्पनी एसवाई भिना एसवाई प्यानल भिना, एसवाई स्टील भिना (भियतनाम), पी टी केनकाना एसवाई बीलड (इनडोनेसिया), एस एन सी (चीन), एस वाई इनडस्ट्रीज को. लि.(कम्बोडिया), एसवाई प्यानल नेपाल लि. (नेपाल) को संस्थापक, हाल एसवाई ग्रुपको अध्यक्ष भई ३२ वर्षको विभिन्न उद्योग, व्यापारको कार्यानुभव।	—

सञ्चालकहरुको विवरण :

सि.नं.	नाम, पद	उमेर	राष्ट्रियता	ठेगाना	शेयर स्वामित्व (कित्ता)	शैक्षिक योग्यता	कार्य अनुभव	प्रस्तावित अनुभव
१	श्री होड योड दोन अध्यक्ष	६१	दक्षिण कोरीयन	१०६-६०४ विश्व मेरडियांग ३७३ क्वेन्क्वाङ-रोपालदल-गु सुवोन शहर, दक्षिण कोरिया	१६,६६,४६३	एम.ए (अर्थशास्त्र)	एसवाई को. लि.(साविक ससाङयोज्ञ इण्डस्ट्रियल को. लि.), कोरिया, एसवाई प्यानल को. लि., कोरियाको प्रतिनिधि निर्देशक, एसवाई टेकको लि., कोरियाको प्रतिनिधि निर्देशक भई कार्य गरेको ३ वर्षको अनुभव, एसवाई इन्डस्ट्री को. लि.को प्रतिनिधि निर्देशक भई कार्य गरेको ३ वर्षको अनुभव, एसवाई को. लि. (साविक एसवा